ककनी गाउँपालिका

# गाउँ कार्यपालिकाको कार्यालय

रानीपौवा,नुवाकोट

वगमती प्रदेश, नेपाल ।

पत्र संख्या :०७८/०७९

सुचना नं ७ कृषि शाखा

मिति :-२०७८/०९/२१

विषय:- किसान सुचीकरण कार्यक्रम अन्तरगत सहजकर्ता छनौटको लागी आवेदन दिने बारेको सुचना ।

श्री सम्पुर्ण वडा कार्यलयहरु ककनी गाँउपालीका

ककनी गाँउपालीका कृषि विकास शाखा रानीपौवाको आ. व. ०७८।०७९ को ससर्त अनुदानको कृषक दर्ता व्यवस्थापन कार्यक्रम अनुसार किसान सुचिकरण कार्यक्रम कार्यान्वयन कार्यविधी २०७७ अन्तरगत खाद्य अधिकार तथा खाद्य सम्प्रभुता सम्बन्धी ऐन २०७५को दफा१४को उपदफ १ कार्यान्वयनका लागी किसान को पहिचान गरी सरकारी तवर बाट किसानहरुलाइ उपलब्ध गराइने सेवा सुबिधाको पारदर्शिता तथा सुशासन अभिवृद्धि गर्न तिनै तहको साझेदारीमा किसानहरुको आवश्यक बिवरणहरु विद्युतिय प्रणाली मार्फत संकलन गरी किसान सुचिकरण गर्ने कार्यक्रम रहेको व्यहोरा सबैको जानकारी लागी अनुरोध छ । साथै किसान सुचिकरणको कार्यक्रम कार्यान्वयन गर्नको लागी जारी गरिएको सुचिकरण कार्यक्रम कार्यान्वयन कार्यविधी २०७७ को दफ ७ को जनशक्ति व्यबस्थापन अन्तरगत यस गाँउपालिकाको सबै वडाहरुमा सहजकर्ता नियुक्ति गर्नुपर्ने भएकोले तपशिलमा उल्लेखित योग्यता पुगेका व्यक्तिहरुले आवश्यक बिवरण सहित यो सुचना प्रकाशित भएको मितीले १५(पन्ध्र) दिन भित्र ककनी गाँउपालिका कृषि विकास शाखा रानीपौवामा आवेदन दर्ता गराउनु हुन सबैको जानकारीको लागी यो सुचना प्रकाशन गरिएको छ । म्याद पछि वा रित नपुगी प्राप्त हुन आएका आवेदन उपर कुनै कार्बाही हुनेछैन ।

तपशिल

१.आवश्यक योग्यता

- न्युनतम १२ कक्षा पास
- इन्टरनेट चलाउन सक्ने
- एन्ड्रोइड वा स्मार्टफोन वा टयावलेट वा ल्यावटप भएको

२.आवेदन साथ पेश गर्नु पर्ने आवश्यक कागजात

- रु १० को हुलाक टिकट टाँस गरेको निवेदन
- नेपाली नागरिकता को प्रतिलिपी
- शैक्षिक योग्यताको प्रमाणपत्रको प्रतिलिपि
- सम्बन्धित वडा कार्यलयको सिफारिश

छनौट भएका सहजकर्ताले पारिश्रमीक बापत प्रति घरधुरी सुचना प्रणालीमा प्रविष्ट गरे बापत किसान सुचीकरण कार्यक्रम कार्यान्वयन विधि २०७७ ले तोके बमोजिम रु ७५(पचहत्तर)मात्र पाउने छन् ।

थप जानकारीको लागी कार्यलय समय भित्र कार्यलयमा सम्पर्क गर्नु होला । अथवा ९८६२८०७१५२ र ९८४९६८३५४२ मा सम्पर्क राख्न सकिने छ ।

९।२१

सुरेन्द्र वहादुर नेपाल



Scanned with CamScanner